# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७८/७९
च. नं.

### स्थानीय तहका नवनिर्वाचित प्रमुख/अध्यक्षलाई सूचनाको हक कार्यन्वयन सन्दर्भमा गरेको आदेश सम्बन्धी प्रेस विज्ञप्ति

स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भई अधिकांश स्थानीय तहको मत परिणाम पनि सार्वजनिक भइसकेको छ । यस सन्दर्भमा निर्वाचित हुनुभएका देशैभरका स्थानीय तहका नवनिर्वाचित प्रमुख/अध्यक्ष लगायतका जनप्रतिनिधिहरुलाई नागरिकप्रति जिम्मेवार, जवाफदेही र पारदर्शी तथा सूचनाको हकको कार्यान्वयनमा प्रतिबद्ध हुन आयोगका तर्फबाट सर्वप्रथम बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

स्थानीय तहको सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकार मानिन्छ । स्थानीय सरकारसँग नागरिकको सबैभन्दा नजिकको सम्बन्ध रहने हुनाले नागरिकले पनि स्थानीय तहका सरकारसँग अपनत्व अनुभूत गर्न सक्छन् । सुशासनयुक्त समृद्ध नेपाल निर्माण यतिबेला नागरिकको अपेक्षा रहेको छ । सुशासनयुक्त समृद्ध नेपाल निर्माणका लागि सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय तहका जनप्रतिनिधिले निर्वाह गर्न सक्छन् । सुशासनका लागि स्थानीय तहबाट हुने विभिन्न निर्णयमा नागरिकको सहभागिता सुनिश्चित गर्न सके मात्र नागरिक अपेक्षालाई समेट्न सकिन्छ । त्यसका लागि पहिलो शर्त स्थानीय तहबाट हुने हरेक प्रकारका निर्णयमा नागरिकको सहज पहुँच सुनिश्चित गर्नुपर्छ; नागरिकलाई सुसूचित गर्नुपर्छ । शासन प्रणालीमा नागरिक सहभागिताको सुनिश्चितताका लागि आफ्नो निकायबाट हुने तथा भएका निर्णय र प्रक्रियालगायतका विषयमा नागरिक सुसूचित हुनु हो । नेपालको संविधानको धारा २७ तथा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीले नागरिकलाई हरेक सार्वजनिक निकायबाट सम्पादन भएका तथा हुने कामको विवरण थाहा पाउने अधिकार प्रदान गरेको छ ।

तसर्थ, स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिहरुलाई देहायबमोजिम गर्न/गराउन आयोगको २०७९ जेठ १० गते बसेको बैठकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १९ को खण्ड (ङ) बमोजिम आदेश जारी गरेको छ ।

१ स्थानीय तहको कानून निर्माण गर्दा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा उल्लेख भएका विषयबाहेक अन्य विषय गोप्य नरहने गरी मात्र कानुन निर्माण गर्ने/गराउने ।

२ कानुन तथा नीति निर्माण र बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सर्वसाधारण नागरिकको सहभागिता सुनिश्चित गर्न प्रस्तावित कानुन, नीति, बजेट तथा कार्यक्रमउपर खुला छलफल तथा पृष्ठपोषण लिने व्यवस्था गर्ने ।

३ स्थानीय तहमा रहेका नगर/गाउँसम्म, कार्यपालिका, वडा समितिले गरेका निर्णयहरु तत्काल स्थानीय तहको वेबसाइट, सूचना पाटी, स्थानीय सञ्चार माध्यमलगायतको माध्यम अपनाई सार्वजनिक गर्ने ।

४ स्थानीय तहको खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।

५ स्वीकृत बजेट तथा कार्यक्रम र यस बमोजिम भएको प्रगतिको बारेमा नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

६ स्थानीय तहका पदाधिकारी तथा कर्मचारीले प्राप्त गर्ने पारिश्रमिक, सुविधा, खर्चलगायतको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।

७ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले कानुनबमोजिम बुझाएको सम्पत्ति सम्बन्धी विवरण छुट्टै कानुन वा निर्णय गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

८ सूचनाको हक कार्यान्वयनका लागि प्रत्येक वर्ष छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गर्ने/गराउने ।

९ सूचनाको हकसम्बन्धी कानुन तथा आयोगका आदेश पालना गर्न लगाउने ।

१० स्थानीय तह मातहत रहेका सार्वजनिक निकायलाई सूचनाको हकको अधिकतम् प्रचलनका लागि प्रेरित गर्ने । त्यस्ता निकायहरुमा सूचना अधिकारी तोक्न स्वतःप्रकाशन नियमित गर्न तथा ती निकायबाट सम्पादन भएका कार्य र निर्णय सार्वजनिक गर्न आवश्यक पहल गर्ने ।

११ स्थानीय तह तथा मातहतका निकायमा रहेका सूचना अद्यावधिक गर्न, सुरक्षित गर्न तथा सूचना माग गरेको, माग भएको सूचना उपलब्ध गराएको/नगराएको बारे विवरण अद्यावधिक गर्ने ।

२०७९ जेठ १३

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता